यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

○वर्ष ९ ○अंक ४८ ○श्रेणी 'क' ○२०७३ मंसिर १ गते बुधबार ○ 16 Nov. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

प्रहरीमाथि कास्की प्रहरी प्रमुख अर्यालको गम्भीर आरोप

भने-'संगठनमा ७२ हजारमध्ये ६० हजार प्रहरी विल्लादार'

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक घनश्याम अर्यालले प्रहरीको कार्यशैली आफैलाई चित्त नबुझेको बताएका छन् । एसपी अर्यालले आफू मातहतमा रहेको प्रहरीको काम कार्वाहीमा आफै असन्तुष्ट रहेको बताए । बडा प्रहरी कार्यालय रामबजारको समन्वयमा जिल्ला प्रहरी कार्यालय कास्कीले मंगलवार गरेको नागरिक सुनुवाई कार्यक्रममा उनले प्रहरीको कार्यशैली सन्तोषजनक नरहेको भन्दै सुधारको खाँचो औल्याए उनले भने-'प्रहरीको काम कार्वाहीमा म आफै सन्तुष्ट छैन तर सुधार भने हुँदै गएको छ ।'

उनले प्रहरीको काम कार्वाही सन्तोषजनक नहुनुमा तल्लो तहका प्रहरी कर्मचारीलाई दोष लगाए । झण्डै ७२ हजारको संख्यामा रहेको प्रहरी संगठनमा झण्डै ६० हजार विल्लादार तथा प्रहरी जवान रहेको भन्दै उनले कार्यक्षेत्रमा खटिएर प्रत्यक्ष घुलमिल हुने तल्लोतहका प्रहरीले नागरिकको मन जित्नेगरी काम गर्न नसकेको आरोप लगाए ।

अन्यत्र केहि नभएपछि प्रहरीमा भएपनि जागिर खान आउने तल्लो तहका प्रहरीका कारण प्रहरी सेवालाई गुणस्तरीय बनाउन नसकिएको उनको संकेत छ ।

पछिल्लो समय तल्लो तहका प्रहरी कर्मचारीको दक्षता, क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम सञ्चालन गरिएकाले उनीहरुको कार्यशैलीमा सुधार आउँदै गरेको अर्यालले बताए । प्रहरी प्रति नागरिकका गुनासोमा समर्थन जनाउँदै उनले प्रहरी कर्मचारीको कार्यशैलीमा सुधारको खाँचो औल्याए । कार्यसम्पादनका क्रममा नागरिकसँग प्रत्यक्ष घुलमिल हुने तल्लो तहका कर्मचारीलाई क्षमतावान बनाए प्रहरी संगठनको काम कार्वाही पनि गुणस्तरीय हुने उनको विश्वास छ ।

कार्यक्रममा बोल्ने केहि नगरवासीले प्रहरीले गर्ने व्यवहार प्रति प्रश्न उठाएपछि जवाफ दिने क्रममा एसपी अर्यालले प्रहरीको कमजोरी स्वीकारेका हुन् ।

मुस्कान सहितको प्रहरी हुँदै प्रहरी मेरो साथी सम्मको स्लिम ल्याएको नेपाल प्रहरीमा अझैपनि केहि प्रहरी कर्मचारीको व्यवहार नागरिकमैत्री हुन नसकेको नगरवासीको गुनासो छ ।

पोखरा औद्योगिक क्षेत्रकी गोमा रायमाझीले प्रहरीबाट अझैपनि नागरिकलाई दुःख दिने काम भएको बताइन् । प्रहरीले नागरिकसँग बोल्ने बोलीचालीमा पनि मिठास नहुने तथा निकै रुखो स्वभावमा प्रस्तुत हुने प्रवृत्ति अझै कायम रहेको उनले बताइन् । पोखरा-१५ का प्रकाश पौडेलले नागरिक संगको सामिप्यता बढाउन मुस्कान सहितको प्रहरी, प्रहरी मेरो साथी कार्यक्रम ल्याएपनि व्यवहारमा लागू नभएको बताए ।

कार्यक्रममा उपस्थित अधिकांशले ट्राफिक व्यवस्थापनको विषयमा प्रश्न उठाएका थिए । ट्राफिक प्रहरीकै अगाडि सवारी नियम मिच्ने प्रवृत्ति बढेको, जेब्रा क्रसिङबाट बाटो काट्दा पनि पैदलयात्रुले जोखिम मोल्नुपरेको, सवारी चालकले जेब्रा क्रसिङको नियम पालना नगरेको, जथाभावी गाडी रोक्ने तथा पार्किङ अस्तव्यस्त भएको लगायतका विषय कार्यक्रममा उठान भएको थियो । कतिपयले पृथ्वीचोक स्थित आइल्याण्ड भत्काएर बाटो फराकिलो बनाउनुपर्ने आवश्यकता औल्याएका थिए ।

पोखरा-१० रामबजारका लोकेन्द्र कुमार चाम्लिङ राईले सवारी व्यवस्थापनमा विशेष ध्यान दिन आग्रह गरे । सवारी नियम उल्लङ्घनको घटना बढीरहेको भन्दै उनले चालक सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए । कार्यक्रमको समन्वय बडा प्रहरी कार्यालय रामबजारका प्रमुख प्रहरी निरीक्षक वेद प्रकाश जोशीले गरेका थिए ।

भागवण्डामा पौडेलकै हैसियत पाउने भएपछि सिटौलाको 'ग्रीन सिग्नल'

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

नेपाल तरुणदलको जारी महाधिवेशनमा नयाँ नेतृत्व छान्नका लागि नयाँ प्रस्ताव आएको छ । पार्टी सभापति शेरबहादुर देउवा तथा वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले नेतृत्व सहमतिकै आधारमा छान्नका लागि तेश्रो शक्तिको रुपमा रहेको सिटौला समूहसँग नयाँ प्रस्ताव गरेका हुन् । उनीहरूले अध्यक्षमा देउवा पक्षका उम्मेदवार, उपाध्यक्षमा सिटौला र महामन्त्रीमा पौडेल पक्षका उम्मेदवारलाई चयन गर्ने प्रस्ताव सिटौलासँग राखेका थिए ।

उक्त प्रस्तावमा सिटौला पक्षले भने पार्टी सभापतिको धारणाको सम्मान गर्दै 'ग्रिन सिग्नल' दिएको छ । तर, उक्त समूह अझै पनि नेतृत्व चयन भने प्रक्रिया मार्फत वैधानिक रूपमा हुनुपर्ने पक्षमा वकालत गर्दै आएको छ । तर प्रस्तावक देउवा-पौडेल पक्षले भने प्रक्रिया लम्बिने भन्दै सीधै नाम टाँस्ने पक्षमा आफ्नो धारणा राख्दै आएका छन् ।

यसरी पदाधिकारीको भागवण्ड मिलेसँगै अध्यक्षमा देउवा समूहका जीतजंग बस्नेत, उपाध्यक्षमा सिटौला समूहका उत्तमकुमार चापागाईं बन्ने लगभग पक्कापक्की रहेको छ । तर महामन्त्रीमा भने पौडेल समूहले पाउने सम्भावना बढेसँगै पौडेल पक्षमा भने महामन्त्री को भन्ने भन्नेमा विवाद सुरू भएको छ। महामन्त्रीका लागि पार्टीका वरिष्ठ नेता पौडेलले भूपेन्द्र जंग शाहीलाई बनाउन प्रस्ताव गरेका छन् भने पार्टी महामन्त्री शशांक कोइरालाले आफ्नो भतिज सिद्धार्थ कोइरालालाई बनाउन खोजेका छन् । तर, उनी पारिवारवादको कुरा बहसमा आएको खण्डमा भने कोइरालालाई केन्द्रीय सदस्य बनाएर महामन्त्रीमा नीलकण्ठ रिजाललाई उठाउने तयारीमा रहेका छन् । रिजाल नेविसरंकी महाधिवेशनमा अध्यक्षमा उम्मेदवारी दने भनिएपनि पौडेल पक्षबाट अध्यक्षमा उम्मेदवारी दिन पाएका थिएनन् ।

यसबाहेक पनि पार्टीका पूर्व महामन्त्री प्रकाशमान सिंहले पनि पौडेलले प्रस्ताव गरिरहेका शाहीलाई उठाउन खोजीरहँदा पार्टी केन्द्रीय सदस्य रामशरण महतले पनि आफ्ना भतिज रमेश महतलाई बनाउन प्रस्ताव गरिरहेका छन् । उक्त विषयमा अहिले घनिभूत छलफल चलिरहेको बताईएको छ ।

स्रोतका अनुसार मंगलबार विहानैसम्म पनि देउवा-पौडेलले सिटौला समूहलाई उपाध्यक्ष थप गर्ने प्रस्ताव राख्दै आएका थिए । तर, सिटौला समूहले सो प्रस्तावमा सहमति नजनाएपछि उनीहरुले यस्तो नयाँ प्रस्ताव ल्याएका हुन् । आफूलाई उपाध्यक्षमा खासै चासो नभएको भन्दै सिटौला समूहले भने उपाध्यक्षको संख्या थप गर्न हो भने आफ्नो पक्षका उम्मेदवारलाई महामन्त्री दिन प्रस्ताव गरेको थियो । सिटौला समूहले उपाध्यक्ष थप्ने नै हो भने महामन्त्री पनि एकजना थप्ने अर्को प्रस्ताव पनि उनीहरुसामु राखेको थियो ।

सिटौला पक्षको जवाफमा सहमति जनाउन नसकेपछि देउवा पौडेल पक्षले यस्तो नयाँ प्रस्ताव गरेका हुन् । उता, अहिलेको कार्यकालदेखि सदस्यताको संख्यामा भने केही वृद्धि गर्ने तयारी भईरहेको पनि सम्बद्ध स्रोतले जानकारी दिएको छ । अहिलेसम्म ६१ सदस्यीय रहेको कार्यसमिति अब भने समावेशी प्रतिनिधित्वको आधारमा

बाँकी अन्तिम पृष्ठमा.....

नेपाली कांग्रेस पोखरा-१८ मा बोधबहादुर

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

पोखरा उपमहानगरपालिका वडा नं. १८ को नेपाली कांग्रेस इकाईको मंगलवार भएको निर्वाचनमा बोधबहादुर कार्की अत्याधिक मतले विजयी भएका छन् । लामो समयसम्म स्थगित भएको इकाई निर्वाचनमा बोधबहादुर कार्की र गोकर्ण कार्की बीच निर्वाचन भएको हो । कुल १९६ खसेको मत मध्ये ११ मत बदर भएको थियो भने निर्वाचित बोधबहादुर कार्कीले १५१ मत र प्रत्यासी उम्मेदवार गोकर्ण कार्कीले ३४ मत प्राप्त गरेका थिए । जिल्लाबाट खटिएका निर्वाचन अधिकृत कृष्णप्रसाद तिमल्सिनाले निर्वाचनको जिम्मेवारी पूरा गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि माननीय सांसद एवं नेपाली कांग्रेसकी नेतृ शारदा पौडेलले जो साथी निर्वाचित भए पनि वडा नं. १८ मा कांग्रेस पाटीलाई बलियो बनाएर अगाडि बढाउन शुभकामना समेत दिइन । इकाई १८ का कार्यवहाक सभापति विष्णुप्रसाद पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा क्षेत्रीय सभापति माधव वास्तोला, नगर सभापति बजिरमान श्रेष्ठ, पूर्व ईकाई सभापति स्थानेश्वर पोखरेल, क्षेत्रीय प्रतिनिधिहरु डा. परमेश्वर पोखरेल, यज्ञेश्वर पोखरेल, रामचन्द्र पोखरेल लगायतले बोलेका थिए । इकाईका कोषाध्यक्ष किरण अधिकारीले सञ्चालन गरेको कार्यक्रममा स्वागत मन्तव्य इकाई सदस्य दीपेन्द्र काकीले गरेका थिए ।

सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटाले सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा सूचना अधिकारीको भूमिका महत्वपूर्ण हुने बताएका छन् । सामुदायिक सूचना समाज पोखराद्वारा आयोजित सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी प्रशिक्षण कार्यक्रममा उहाँले सूचनाको हकलाई संविधानले मौलिक हकका रुपमा व्यवस्था गरेका कारण उक्त हक प्राप्त गर्ने नागरिकको अधिकार भएको बताए । उनले सार्वजनिक निकायमा रहेका साना-ठूला सबै सूचना स्वतः सार्वजनिक सरोकारका हुनेमा जोड दिँदै सूचनाको माग नभएका अवस्थामा पनि सूचना प्रवाह भइरहनुपर्नेमा जोड दिए ।

सामुदायिक सूचना समाज पोखराका अध्यक्ष दीपक आचार्यले कास्की जिल्लालाई सूचनाको हकको क्षेत्रमा उत्कृष्ट जिल्ला बनाउने उद्देश्यका साथ प्रशिक्षण आयोजना गरिएको बताए । पोखरा उपमहानगरपालिकाका वरिष्ठ अधिकृत ओमराज पौडेलले सूचना अधिकारी सूचना मैत्री, आधुनिक प्रविधि मैत्री एवं विषयवस्तुमा प्रभावकारी ज्ञान भएको हुनुपर्ने बताए ।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले प्रशिक्षणमा प्राप्त ज्ञानलाई सूचना अधिकारीले व्यवहारमा उतार्ने विश्वास व्यक्त गरे । प्रशिक्षणमा कास्की जिल्लाका सरकारी कार्यालयका सूचना अधिकारीको सहभागिता रहेको थियो ।

प्लाष्टिक झोला र गिलासको अनुगमन तीव्र

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

पोखरालाई प्लाष्टिक झोला र गिलास निषेधित क्षेत्र घोषणा गरेको पोखरा उपमहानगरपालिकाले त्यसको प्रयोग बारे अनुगमन तीव्र पारेको छ । प्रतिबन्धित वस्तु प्रयोग भए नभएको बारे नगरक्षेत्रमा अनुगमनलाई तीव्रता दिइएको हो । पोखरा उपमहानगरपालिकाले कार्तिक २४ गते पोखरालाई प्लाष्टिक झोला र गिलास निषेधित क्षेत्र घोषणा गर्दै प्रयोगमा प्रतिबन्ध लगाएको थियो । त्यसपछि कार्तिक २५, २६, २७ र ३० गते पोखराका विभिन्न क्षेत्रमा गरिएको अनुगमनको क्रममा झण्डै २६ किलो प्लाष्टिक झोला र गिलास जफत गरिएको छ ।

बिहीवार मात्रै पोखराको रामकृष्णटोल, विन्ध्यवासिनी हुँदै बगरसम्मका झण्डै ५० वटा पसलमा गरिएको अनुगमनमा १५ किलो प्रतिबन्धित वस्तु जफत गरिएको नागरिक निगरानी समूह पोखराकी संयोजक अन्जु केसीले जानकारी दिइन् । अहिलेसम्म पृथ्वीचोक, नयाँबजार, महेन्द्रपुल, सिद्धार्थचोक, रामकृष्ण टोल, विन्ध्यवासिनी बगर लगायतका क्षेत्रमा अनुगमन गरिसकिएको छ। पोखरा उपमहानगरपालिकाले प्रतिबन्धित वस्तु प्रयोग भए नभएको अनुगमनका लागि टोलीनै गठन गरेको छ ।

अनुगमन टोलीको संयोजकमा नगरपालिकाका वरिष्ठ अधिकृत वसन्त चालिसे, जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकीय अधिकृत अनील शाही, जिल्ला प्रहरी कार्यालय, पोखरा उद्योग वाणिज्य संघका प्रतिनिधि, नागरिक निगरानी समूहकी संयोजक अन्जु केसी नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेल, महिला समन्वय समितिबाट पवित्रा गुरुङ, टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष उज्वल खत्री, नगरपालिकाका वातावरण अधिकृत निर्मलमान सिंह भण्डारी, अनुगमन तथा मूल्याङ्कन अधिकृत हरि न्यौपाने छन्। अनुगमनको क्रममा व्यवसायीले आफूसँग मौजाद रहेको प्लाष्टिकका झोला र गिलास अनुगमन टोलीलाई सहज रुपमा हस्तान्तरण गर्ने संयोजक चालिसेले जानकारी दिए ।

नगर क्षेत्रमा प्लाष्टिकका झोला तथा गिलास निर्के कम रहेको र नयाँ आयत पूर्ण रुपमा रोकिएको उनले बताए। व्यवसायी र नगरवासीलाई आफूसँग प्रतिबन्धित वस्तु मौजाद रहेको भए नगरपालिकामा बुझाउन चालिसेले आग्रह गरेका छन् ।

पोखरामा प्लाष्टिक झोला र गिलास पूर्णरुपमा नहटेसम्म अनुगमन जारी रहने चालिसेले बताए । प्रतिबन्धित वस्तुको प्रयोग गरेको पाइएमा कसुरको मात्रा हेरेर पाँचदेखि १५ हजार रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ ।

कसैले कुनैपनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय, पेशाका आधारमा व्यवसाय गर्न, कुनै धार्मिक कार्य गर्न, वस्तु वा सेवा सुविधा उत्पादन, विक्री वितरण गर्न प्रतिवन्ध वा रोक लगाउन वा कुनै पेश गर्न बाध्य पार्नु हुँदैन ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग



■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- लर्ड मैपियर

सम्पादकीय ...

नागरिकताको सम्वेदनशिलता बुझौं

नेपालमा जनताको सुख, समृद्धि र समुन्नतिका लागि राजनीतिक दलका नेताहरूले गम्भीर प्रयास गरेको विरलै देखिन्छ। राजनीतिक दलका नेताहरूको ध्यान सधैं नै राजनीतिक प्रणाली परिवर्तनका चर्का नारामा जाने गरेको छ। पञ्चायत कालमा जनताका राजनीतिक अधिकारहरू हरण गरिएको थियो। 'विकासका लागि राजनीति'को नारा लगाइन्थ्यो। सम्पूर्ण समाजलाई बन्द र निर्देशित बनाउने दुरुप्रयासमा जनजीवनका सबै पक्षको पञ्चायतीकरण गरियो। यसैले जनतामा विकास शब्दप्रति नै एक प्रकारको विकर्षण उत्पन्न हुनु अस्वाभाविक हैन। यस्तै, लोकतन्त्रको पुनःस्थापना भएकै तीन दशक पुग्न लाग्दा समेत चर्का नारोले जनताको ध्यानाकर्षण गर्न गरेको छ। यसैले जनताको रुचि परिष्कार गर्नेभन्दा भिडको मानसिकताबाट डोरिनेहरू नेपालको राजनीतिमा 'सफल' भएका देखिन्छन्। यस्ता राजनीतिकमीहरू अराजकता र अव्यवस्था रुचाउँछन् र साम्य भइसकेका समस्यालाई बल्झाइराख्न चाहन्छन्। नागरिकताको राजनीति गर्नेहरू यही कोटीका गैरजिम्मेवार राजनीतिकर्मी हुन्। पञ्चायत कालमा नागरिकताको प्रमाणपत्र वितरण कार्यलाई अभियानकै रूपमा चलाइयो। त्यति बेलैदेखि नागरिकताको प्रमाणपत्र वितरणलाई मधेसमा राजनीति गर्ने एउटा विषय बनाइँदै आएको छ। लोभ र लाभबाट निर्देशित तुष्टीकरणको कुराजनीतिका कारण नागरिकताजस्तो अत्यन्त संवेदनशील र राष्ट्रियतासँग अभिन्नरूपमा जोडिएको विषयलाई दलगत राजनीतिको विषय बनाइएको छ। नेपालको नागरिकता प्रमाणपत्र दिन कहिल्यै सन्तुलित र न्यायोचित विधि एवं प्रक्रिया अपनाउने गरिएको छैन। पहिले नागरिकताको प्रमाणपत्र लिन तस्बिर खिच्नासमेत टोपी लगाउनै पर्थ्यो। मंगोलियन अनुहारमा दार्जिलिङवासी धेरैले सजिले नागरिकता पाउँदा पुस्तौंदेखि मधेसमा बस्दै आएका नेपाली नागरिकताको प्रमाणपत्र पाउन सक्दैन थिए। यही अन्यायपूर्ण व्यवहारले जन्माएको विकृति मधेसी उग्रवादका रूपमा अहिले प्रकट भएको छ। यसैले कहिले अंगीकृत नागरिकलाई राष्ट्रका प्रमुख पदमा बन्देज लाग्नु हुँदैन भन्ने नारा लगाइन्छ भने कहिले नागरिकताको प्रमाणपत्र वितरण खोप अभियान चलाएजस्तै गरेर नियमितरूपमा संचालन गर्नुपर्छ भन्ने माग गरिन्छ। राष्ट्रको माया नहुनेहरू नै राज्य सञ्चालनमा निर्णायक भइरहेकाले त्यस्ता गैरजिम्मेवार र अनुचित माग पनि पूरा गर्न सरकार लचिलोरूपमा प्रस्तुत हुने गरेको छ। अंगीकृत नागरिक राष्ट्रका प्रमुख पदमा पुग्ने प्रावधान संविधानमा राखुपर्छ वा नागरिकता प्रमाणपत्र वितरण अभियान सञ्चालन गरिरहनुपर्छ भन्ने माग मधेसका भूमिपुत्र नेपाली नागरिकको हुन सक्दैन। किनभने, त्यसरी नागरिकता सस्तो बनाउँदा मूलतः मधेसमा रैथानेहरू नै अल्पमत्मा पर्नेछन्। राज्यले उपलब्ध गराउने सामाजिक सुरक्षालगायतका लाभ पनि नयाँ नागरिकसँग भागबन्डा गर्नुपर्ने हुन्छ। नेपालमा नयाँ थपिने नागरिक अपेक्षाकृत अशिक्षित, गरिब र अदक्षहरू नै हुनेहुन्। जनसांख्यिक प्रवृत्तिअनुसार त विकास भएका ठाउँमा अवसरको खोजीमा मानिसहरू बसाई सर्ने गर्नुपर्थ्यो। यसैले अहिले नागरिकताको प्रमाणपत्र वितरणका नियमित विधि र प्रक्रिया भिचेर अभियान चलाउनुपर्छ भन्नेहरूको नियतै सन्देहास्पद देखिन्छ। राष्ट्रको माया हुने राजनीतिक नेताले भिडका पछि नलागी सही दृष्टिकोण प्रस्तुत गर्न हिचकिचाउनु हुँदैन। मधेसी जनाधिकार फोरम (लोकतान्त्रिक) का अध्यक्ष विजयकुमार गच्छदारले विश्वका कुनैपनि देशमा अंगीकृतलाई मुख्य पद दिइएको छैन, भारतमा पनि वंशजले मात्र मुख्य पद पाउने व्यवस्था भएको दृष्टान्त दिँदै राष्ट्रपति, प्रधानमन्त्री, प्रधानसेनापति र प्रधानन्यायाधीशजस्ता संवेदनशील पद अंगीकृत नागरिकलाई दिन नमिल्ने धारणा प्रकट गरेका छन्। यस्तै, नयाँ संविधानले नागरिकताका विषयमा गरेको व्यवस्था ठीक रहेको अहिले टोली नै खटाएर नागरिकता वितरण गर्नु आवश्यक नरहेको विचार पनि व्यक्त गरेका छन्। संविधान संशोधनको तयारीमा लागेको सरकारले अध्यक्ष गच्छदारका धारणामा ध्यान दिनु आवश्यक छ। नागरिकताजस्तो संवेदनशील विषयलाई भोटको राजनीतिक नारा बन्न नदिन हामी संसदका सबै सदस्यहरूलाई आग्रह गर्छौं। राष्ट्रलाई कमजोर बनाएर कोही पनि बलियो हुनसक्दैन।

आजको पञ्चाङ्ग

मिति २०७३ साल मंसिर १ गते बुधबार, तदनुसार नोभेम्बर १६ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार मार्गशीर्षकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज मार्गशीर्षकृष्णपक्षको तृतीय तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ५३ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २५ मिनेटमा तुरुवैव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १० मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ।

वृष : शत्रुहरू सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, कारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी, दिन खराब रहनेछ।

मिथुन : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदेशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ।

कर्कट : स्वास्थ्यमा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ।

सिंह : इष्टमित्रबाट सहयोग गर्नेछन्, आफन्तसँग रमाइलो भेटघाट, प्रेम-प्रसँग सुमधुर, यात्रा फलदायी रहनेछ।

कन्या : धार्मिक कार्यतिर समय खर्च, पति-पत्नीबीच वैमन्यश्यता, आम्दानीका श्रोत घट्ने, दिन खर्चालु हुनेछ।

तुला : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला।

वृश्चिक : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला।

धनु : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्त्रीवर्गसँग किचलो हुनेछ, गरेको कार्य अर्थहिन हुनेछ।

मकर : टाढाको यात्रामा शारीरिक पीडा, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका, दिन सामान्य रहेकोछ।

कुम्भ : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ हुनेछ, सबै काममा राम्रो सफलता मिल्नेछ, समयको शुभ छ।

मीन : मनोरञ्जन तिर मन जाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

पद वियोग र नेपाली भाषाका विशेषता

प्रा.डा. शर्वराज आचार्य

नेपाली भाषा शिक्षण गर्दा वर्ण विन्यास अन्तर्गत पदयोग र पद वियोग भन्ने शीर्षक पनि राखिएको छ। यो शीर्षक वर्णहरुको विन्यास वा खिप्ती होइन। यो त शब्द शब्दलाई एउटा डिकालो जोड्ने र नजोड्ने चलन मात्र हो। किनभने वर्ण नभएकाले डिकालाई वर्ण विन्यास भन्न मिलेन तर प्रचलनमा यसलाई वर्ण विन्यास अन्तर्गत राखिएको देखिन्छ। पूर्व व्याकरणकारहरुले एउटै डिकामा लेख्ने र नलेख्ने शब्दको सामान्य नियम बनाएका थिए। वि.सं.१९९२ को नेपाली कसरी शुद्ध लेख्ने ? भन्ने लघु पुस्तिकामा पनि यस सम्बन्धी सरल नियम छ। पुस्तिकाको प्रकाशनपछि नेपाली विद्वत् लेखकहरु संस्कृत भाषाको समस्त शब्दको पदयोगबाट ज्यादा प्रभावित भए। आजसम्म संस्कृत प्रभावित प्राज्ञ र लेखकहरु प्रशस्तै छन्। भाषामा धेरै संस्कृत शब्द भएकाले पदयोग र पद वियोगमा संस्कृतबाट प्रभावित हुनु स्वाभाविक थियो। नेपाली समस्त शब्द, नामयोगी, पूर्ण द्वित्व र संयुक्त क्रिया लेखन व्यवस्थामा यो प्रभाव पुरै पर्यो। यसले गर्दा वि.सं. २०३० को दशकतिर आइ पुग्दा पदयोग र पद वियोगका जटिल नियम बने। संस्कृत प्रभावित भएकाले विद्वान्हरुले पदयोग र पद वियोगमा नेपाली भाषाका विशेषता र लेखन प्रवृत्ति खोज्ने चासो राखेनन्। उनीहरुले संस्कृत व्याकरणको शास्त्रीयता आधारमा नेपाली पदयोग र पद वियोगको जग खडा गरे। खडा गर्दा समस्त शब्द बाहेक पूर्ण द्वित्व, नामयोगी र संयुक्त क्रियादर पनि पदयोग नै गरे। परन्तु नेपाली लामा समस्त शब्दलाई पदयोग गर्ने उक्त शास्त्रीय आधार अवलम्बन गरेनन्। छोटा समस्त शब्द पदयोग गरिए भने लामा समस्त शब्द पद वियोग गरिए। छोटा र लामा समस्त शब्दमा पदयोग र पद वियोगका अलग अलग प्रचलन बसे। तर कस्तालाई छोटा समस्त (लघु समास भएका शब्द) र कस्तालाई लामा समस्त शब्द भन्ने कुराको नियम बनेन।

पदयोग र पद वियोगका बारेमा दुई वटा प्रमुख नियम बनाइएका छन्। एउटा नियम हो, शब्द शब्दलाई पद वियोग गर्नु पर्छ। अर्को नियम हो, विभक्तिपछिको शब्दलाई पद वियोग गर्नु पर्छ। यी दुई वटा नियम बाहेक नेपाली भाषाको प्रयोग र प्रचलनले गर्दा थप विशेषता पनि देखिएका छन्। पहिलो विशेषता हो, नेपाली विभक्ति प्रधान भाषा होइन, दोस्रो विशेषता हो, नेपाली भाषामा समास र विग्रह शिथिल छन्। तेस्रो विशेषता हो, नेपाली शब्दहरुको लेखनमा पद वियोगात्मक प्रवृत्ति छ। चौथो विशेषता हो, कम्प्युटर प्रविधिमा शब्द गणकले पद वियोगलाई सजिलो ठान्नु र गुगल अनुवादकले अनुदित नेपालीलाई पद वियोग गर्नु। व्याकरण र भाषाका उल्लिखित नियम र विशेषताहरुलाई एक ठाउँमा राख्दा नेपाली पदयोग र पद वियोगका बारेमा दुई नियम र चार वटा विशेषताहरु देखिन्छन्।

पहिलो नियमले शब्द शब्दलाई पद वियोग गर्नु पर्छ भन्छ। शब्द शब्दलाई पद वियोग गर्ने हो भने समस्त शब्द, पूर्ण द्वित्व शब्द, नामयोगी र संयुक्त क्रियादर पद वियोग गरी लेखिन्छन्। किनभने यिनीहरु सबै शब्द हुन्। जस्तै: वीरेन्द्र वीर विक्रम, परशु नारायण, कीर्ति पुर, ललित पुर, नेपाल गन्ज, वीर गन्ज, कलम कलम, बन बन, अब उप्रान्त, भने बमोजिम, रोग सम्बन्धी, गयो गयो, बस्छ बस्छ, पढि सकेको, जादै छ, गरेको थियो, गरि सक्छ, हुनु हुन्छ आदि। दोस्रो नियमले विभक्तिपछिको शब्दलाई पद वियोग गर भनेको छ। यो दोस्रो नियम अनुसार 'रामको गाईले रमेशको भाइलाई हान्यो' लेखिन्छ। यसरी पद वियोग गर्न कसैको विमति हुँदैन तर यस दोस्रो नियमलाई पहिलो नियमसँग गाँस्न लगियो भने शब्द शब्दको विचमा विभक्ति नदेखेपछि पदयोग हुन्छ। पहिलो नियमले विभक्ति लागेको शब्दलाई पद मान्यो, विभक्ति नलागेकालाई शब्द मानेन। यसले गर्दा वीरेन्द्र वीर विक्रम, दाजुभाइ, कीर्तिपुर, रामनाथ, वीरगन्ज, दिदीबहिनी, ललितपुर, रामप्रसाद, नेपालगन्ज मात्र होइन मनवचन कर्म, दलभातडुकु, अस्तियार दुरुपयो अनुसन्धान आयोग समेत पदयोग गरी लेख्न सकिने भयो। वास्तवमा पहिलो नियम अनुसार राम नाथ, कीर्ति पुर, ललित पुर, विराट नगर, मन, वचन र कर्म, शिक्षा मन्त्रालय, शिक्षा मन्त्री, अस्तियार दुरुपयोग अनुसन्धान आयोग लेखिनु पर्थ्यो। तर वीचमा विभक्ति नदेखिएपछि छोटा जस्ता लाग्ने लघु समासलाई (कीर्तिपुर, रामनाथ, लोकमणि, शिक्षामन्त्री) पदयोग गरियो भने लामा जस्ता लाग्नेलाई (शिक्षा मन्त्रालय, लोक सेवा आयोग, अस्तियार दुरुपयोग निवारण आयोग, विराट नगर) पद वियोग गरियो। विमर्शवाट के निष्कर्ष निस्किन्छ भने संस्कृत र नेपाली व्याकरण शास्त्र अनुसार समस्त शब्द र बीचमा विभक्ति नभएका शब्दहरु समेत पदयोग गरिन्छन्।

लामा समस्त शब्दलाई पदयोग नगरी प्रचलनमा अस्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल राष्ट्र बैंक, काठमाडौं उपत्यका सहरी विकास आयोजना आदि लेखेर पद वियोग गरेको देखिन्छ। यस्तो लेखन प्रचलनमार्फि कसैले पनि विवाद उठाएको देखिन्न। तर छोटा शब्दको पदयोग र पद वियोगमा भने प्रयोग प्रचलनलाई बेवास्ता गरी विवाद उठाएको देखिन्छ। प्रयोग प्रचलन हेर्ने हो भने छोटा समस्त शब्दको पनि धेरै पद वियोग र थोरै पदयोग देखिन्छ। नेपाली भाषामा कुनै समस्त शब्दलाई पदयोग (छोटा समस्त शब्द) र कुनै समस्त शब्दलाई (लामा समस्त शब्द) पद वियोग गर्ने द्विमुखी र दोधारे व्याकरणिक नियम देखिएको छ। यस्तो दोधारे नियमको एउटा धारवाट हेर्दा पद वियोग लहडको विषय र अर्को धारवाट हेर्दा पदयोग लहडको विषय देखिन्छ।

अब पद वियोगसँग सम्बन्धित पहिलो विशेषतादेखि चर्चाको थालनी गरौं। नेपाली विभक्ति प्रधान भाषा होइन। संस्कृत भाषामा सु, औ, जस् आदि २१ वटा विभक्ति छन्। नेपालीमा ले, लाई वाट, देखि र मा गरी मुख्य पाँच वटा विभक्ति छन्। संस्कृतमा विशेषण शब्दमा पनि विभिन्न लाग्छ तर नेपालीमा भने नाममा बाहेक विशेषणमा विभक्ति लाग्दैन। वाक्यांशका शब्दमा पनि विभक्तिको उपस्थिति न्यून देखिन्छ। विशेषणको काम गर्ने शब्दमा विभक्ति नलाग्ने, वाक्यांशमा शब्दमा न्यून विभक्ति देखिने र सङ्ख्याले समेत संस्कृतमा भन्दा चार गुना कम विभक्ति भएकाले नेपाली विभक्ति प्रधान भाषा होइन भन्ने पुष्टि हुन्छ। नेपाली भाषाको पद वियोगमा पाइने दोस्रो विशेषता समास र विग्रहको शिथिलता हो। नेपालीमा समस्त शब्द जस्तै अङ्ग्रेजी भाषा पनि संयुक्त शब्द छन्। त्यहाँ अर्थबोधका निम्ति विग्रहको आवश्यकता पर्दैन। बीच बीचमा धन चिह्न दिएर शब्द निर्माण गरिन्छ। नेपालीमा संस्कृत जस्तो विभक्ति प्रधान भाषाको नक्कल गरी संस्कृत प्रभावित विग्रह गर्ने चलन स्थापित भयो। अहिले संस्कृतको जस्तो विग्रहको ढाँचामा भन्दा अङ्ग्रेजीको संयुक्त शब्दको ढाँचामा नेपाली समस्त शब्दको अर्थबोध गर्ने प्रचलन बढेको छ। प्रचलनले गर्दा नेपाली समास र विग्रह शिक्षक विद्यार्थीका कक्षाकोठामा मात्र सीमित छन्। यसलाई कम विद्यार्थीले परीक्षा कोठामा पुर्याउँछन्। परीक्षापछि कक्षाकोठाको समास र विग्रहलाई कसैले सम्झँदैन। यसरी सैद्धान्तिक र प्रयोग प्रचलनमा समेत नेपाली समास र विग्रहमा शिथिलता आएको छ। नेपाली पद वियोगको तेस्रो विशेषता हो-पद वियोगात्मक लेखन प्रवृत्ति। नेपाली राष्ट्रिय व्याकरणको हस्त लिखित ग्रन्थमा व्याकरणका गुरु सोमनाथ सिग्देलले पनि नेपाली भाषाको प्रयोग र प्रवृत्तिका आधारमा नियम बनाउन् पर्ने कुरामा जोड दिएका छन्। सिग्देलको भनाइ र पद वियोग सम्बन्धी लेखन प्रवृत्तिलाई हेर्दा नेपाली भाषाका सम्पूर्ण समस्त शब्दहरु (लामा वा छोटा) पद वियोग हुन्छन्। पद वियोग सम्बन्धी चौथो विशेषता हो, कम्प्युटरको शब्द गणक र गुगल अनुवादकले पद वियोग भएका शब्द खोज्नु। किनभने लेख वा कार्यपत्र आदिमा पद वियोग भएका शब्दको टाइप र गणना गर्न सजिलो देखिन्छ भने अनुवादकले त अङ्ग्रेजी भाषाको लेखालाई नेपाली भाषामा अनुवाद गर्दा पद वियोग गर्छ। त्यसैले समस्त शब्द, नामयोगी, पूर्ण द्वित्व र संयुक्त क्रियादरको पदयोग आवश्यक देखिन्छ।

नेपालीमा लामा र छोटा समस्त शब्द छुट्याउने वस्तुगत आधार छैन। यो भनाइ नामयोगीमा समेत लागु हुन्छ। अनि हामीले भन्न थाल्यौं - दाजुभाइ, वीरगन्ज, कीर्तिपुर, घरभित्र, भाइसँग आदि पदयोग, हुने दिदी बहिनी, नेपाल गन्ज, ललित पुर, अब उप्रान्त, घर भुन्तिर तिमी बाहेक किन पद वियोग हुने ? समास अएपछि लामा र छोटा शब्द किन भन्ने ? समास त समास नै हो। कि सबै जोड्नु पर्छ कि सबै छुट्याउनु पर्छ। अहिले छोटा शब्दको सङ्ख्या छोट्याएर सुधारिएका वर्ण विन्यासले पनि छोटा समस्त शब्द, छोटा नामयोगीलाई पदयोग गर्नु पर्छ भनी शास्त्रीयताको अँगालो हालेको छ भने लामा समस्त शब्दको सङ्ख्या बढाएर दिदी बहिनी, विराट नगर, शिक्षा मन्त्रालय, अब उप्रान्त, घर भुन्तिर तिमी बाहेक, घर घर, पढि सक्यो, देखि रहेको आदि लेखी पद वियोग गरेको छ। यस्तो गर्नुमा कसैले लहड देखे भने मन, वचन, कर्म तथा अस्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, शिक्षा मन्त्रालय जस्ता समस्त शब्दमा पद वियोग गर्दा लहड देखेनन्। गुगल अनुवादकमा प्रवेश गर्ने हो भने नेपाली विभक्ति पनि पद वियोग भएर आउँछन्। पूर्विधिले त हामीलाई मुक्त शब्द र विभक्ति समेत पद वियोग गर्न अह्राएको छ। सायद हामी यस्तो पद वियोगमा पुग्न सक्दैनौं किनभने लेखन परम्परालें सबै शब्द पद वियोग हुन दिँदैन र हामी केही वर्ष परम्परासँग वाँधिनु पनि पर्छ। अहिलेलाई सुधारिएका वर्ण विन्यास अनुसार पद वियोग गर्न सके कागतहीन, मसीहीन र कलमहीन हुँदै प्रविधि प्रयोगमा अग्रसर नयाँ पुस्तालाई नेपाली लेखन सजिलो हुने थियो। तर हामीले के विर्सन हुँदैन भने नेपाली विभक्ति, समास, विग्रहमा आएको शिथिलता, पद वियोगात्मक लेखन प्रवृत्ति एवं कम्प्युटर प्रविधिका शब्द गणना र गुगल अनुवादक जस्ता कार्यले नेपाली भाषाका शब्द शब्दलाई पद वियोग गराउने ढङ्ग र पदयोगले (डिकाले) एउटा शब्द बन्छ भन्ने धारणाको अन्त्य हुने छ।

(लेखककै पद वियोगको प्रयोगअनुसार)

चुनावको मिति कसले तोक्ने, सरकारले कि आयोगले ?

रोहित खतिवडा

चैतमा स्थानीय तह निर्वाचन गर्ने प्रतिवद्धता सरकारले पटकपटक दोहोऱ्याइरहेको छ। तर, निर्वाचनको मिति कसले तोक्ने भन्ने अहिलेसम्म स्पष्ट छैन। नयाँ संविधानमा पनि निर्वाचनको मिति कसले तोक्ने भन्ने स्पष्ट व्यवस्था छैन। निर्वाचन आयोगले भने आफूले मिति तोक्न पाउनु पर्ने दावी गर्दै आएको छ। २०७४ माघ ७ गते अहिलेको व्यवस्थापिका संसदको कार्यकाल सकिने उल्लेख भएकाले त्यसअघि नै संघीय व्यवस्थापिकाको निर्वाचन गर्न आवश्यक छ भनि वुझ्नु पर्ने व्याख्या पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीको छ। 'स्पष्ट रुपमा यो मितिमा यो निर्वाचन गराउने भन्ने कतै उल्लेख छैन,' उनले सेतोपाटीसँग भने-'२०७४ माघअघि सबै निर्वाचन भइसक्नु पर्ने वुझ्नु पर्छ। किनभने माघ ७मा यो संसदको समय सकिने संविधानमा उल्लेख छ।'

संघीय व्यवस्थापिकाको निर्वाचन अघि प्रदेश सभा र स्थानीय तहको निर्वाचन अनिवार्य छ। २०७४माघ ७ गतेकै समयसीमालाई आधार मानेर सरकारले चैतमा स्थानीय तहको निर्वाचन गराउने भनेको छ। अहिलेसम्म निर्वाचनको मिति भने तय भएको छैन। निर्वाचनको मिति आफूले तय गर्न पाउनु पर्ने आयोगको मागमा सरकार र दलहरूले भने प्रतिक्रिया जनाइसकेका छैनन्। तर लगभग सबै राजनैतिक पार्टीका नेताहरुमा चुनावको मिति भरसक सरकाले आफैले तोक्न पाए हुन्थ्यो भन्ने मनसाय देखिन्छ।

त्यसोभए यी चुनावहरूको मिति कसले तोक्ने त, सरकारले कि आयोगले? पूर्वप्रमुख आयुक्त उप्रेतीको विचारमा सकेसम्म निर्वाचन हुने मिति कानुन बनाएर ऐनमानै तोक्नु पछि। त्यसो भयो भने कसले मिति तोक्ने भन्ने विवाद नरहने उनको बताए।

'ऐनमा नतोकने हो भने मिति तोक्न आयोगलाई नै स्वतन्त्र छोडिदिनु पर्छ' उप्रेतीले भने-यो आयोगकै क्षेत्राधिकार हो।' नयाँ संविधान बनेपछि पहिलोपटक स्थानीय तह, प्रदेश सभा र संघीय व्यवस्थापिकाको निर्वाचन हुन लागेकाले यी निर्वाचनको मिति जसले तोक्छ, त्यही परम्परा बस्ने उनको भनाइ छ। त्यसैले, यसैपालि ऐन बनाएर मिति तोक्न नसकिए आयोगले नै मिति तोक्नु पर्ने उनले बताए। आयोगले मिति तोक्ने परम्परा र प्रणाली बसे मात्रै आवधिक निर्वाचनको सुनिश्चित हुने उनको तर्क छ। 'सरकार बनाउने दलहरूले हो,' उनले भने, 'सरकारले मिति तोक्ने हो भने आफ्नो दलको अनुकूलता खोज्न थाल्छ, यसले समयमैं निर्वाचन हुने कुरा प्रभावित गर्छ। आवधिक निर्वाचन नै प्रभावित भएपछि लोकतन्त्र वलियो र संस्थागत हुन्न।'

अधिकांश लोकतन्त्रिक मुलुकमा सरकारले निर्वाचनको मिति तोक्ने प्रचलन नरहेको उनले दावी गरे। 'अधिकांश लोकतान्त्रिक मुलुकहरूमा सरकारले मिति तोक्ने चलन छैन,' उनले भने,-'हामी पनि परम्परा पछ्यौउनु पर्छ।' धेरै मुलुकमा निर्वाचनको मिति संविधान वा ऐनमा नै उल्लेख गरिन्छ। केहीमा निर्वाचन आयोगले तोक्ने प्रचलन छ। भर्खरै सकिएको अमेरिकाको राष्ट्रपति निर्वाचनको मिति संवैधानिक प्रावधानले निधार्रित गर्छ। त्यहाँ पछिल्लो निर्वाचन भएको चार वर्ष पछि नोभेम्बरको पहिलो साता राष्ट्रपति निर्वाचन हुन्छ।

वेलायतमा प्रतिनिधि सभाको चुनाव प्रत्येक पाँच वर्षमा मे महिनाको पहिलो विहिवार गर्ने परम्परा छ। सन् १९३० देखि नै वेलायतीहरू विहिवारलाई 'निर्वाचनको दिन' मान्दछन्। लिखित संविधान नै भएको वेलायतमा यो मिति पनि परम्पराबाट नै आएको हो। संवैधानिक प्रावधान अनुसारनै निर्वाचनको मिति तोक्ने अमेरिकी पद्धति नेपालका लागि उपयुक्त हुने निष्कर्ष उप्रेतीले आफू आयोगमा छँदै निकालेका रहेछन्। तर, संविधानमा निर्वाचनको मिति उल्लेख गर्न दलहरु तयार भएनन्।

'हामीले कति पटक भन्यौं,' दलहरू र नेताहरूसँग संविधानमा निर्वाचनको मिति उल्लेख गर्न गरेको प्रयास उनले सम्झिए, 'तर उहाँहरू मान्नु भएन। हाम्रो प्रयास असफल भयो।' नेपालको संविधानमा आहिले प्रत्येक पाँच वर्षमा स्थानीय तह, प्रदेश सभा र केन्द्रीय व्यवस्थापिकाको निर्वाचन गर्ने प्रावधान छ। तर, निर्वाचनको मिति उल्लेख छैन, न त कसले मिति तोक्ने भन्नेमै प्रष्ट छ। भारत र दक्षिण अफ्रिका लगायतका मुलुकमा निर्वाचन आयोगले नै निर्वाचनको मिति तोक्छ। उप्रेतीले उदाहरण दिए, 'भारतमा त निर्वाचन आयोगले मिति तोकेर पछि मात्रै दलहरूलाई जानकारी गराउन पनि सक्छ। त्यति शक्तिशाली छ त्यहाँको आयोग।' त्यसो त नेपालमा पनि पहिले आयोगले नै मिति तोक्थ्यो। २०४७ सालको संविधानअनुसार २०४८ सालमा भएको पहिलो निर्वाचनको मिति त्यतिबेलाका प्रमुख निर्वाचन आयुक्त सुर्यप्रसाद श्रेष्ठले तोकेका थिए।

'मैले नै तोकेको हो मिति' सेतोपाटीसँगको कुराकानीका क्रममा उनले सम्झिए, 'त्यसपछि भएको स्थानीय निकाय निर्वाचनको मिति पनि आयोगले नै तोकेको थियो' त्यसपछि हामे देशको राजनीतिक परिस्थिति फेरिँदै गयो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद विघटन गरी मध्यावधि निर्वाचन गराए। मध्यावधि निर्वाचनको मिति सरकारले दिनु सामान्य भएको श्रेष्ठले बताए। यो निर्वाचनमा स्पष्ट वहुमत नल्याए पनि एमालेले मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार बनाएको थियो। माओवादी इन्द्र चर्किएकाले २०५६ सालको प्रतिनिधि सभा निर्वाचनको मिति सरकारले नै तोक्यो। २०५४ सालको स्थानीय निकाय निर्वाचनको मिति पनि सरकारले नै आयोगलाई उपलब्ध गराएको थियो। प्रतिनिधि सभाको अर्को निर्वाचन २०६१ सालमा हुनुपर्ययो। तर प्रधानमन्त्री शेर वहादर देउवाले निर्वाचनको मिति तोकेर पनि चुनाव गराउन नसकेपछि राजाले उनलाई वर्खास्त गरिदिए। २०५९ सालमा हुनुपर्ने स्थानीय निकाय निर्वाचन पनि आयोगले गराउन पाएन। यी निर्वाचनको मिति आयोगले तोक्न नसक्नु समयमा निर्वाचन गराउन नसक्नुमा जटिल राजनैतिक परिस्थितिसँगै आयोगको कमजोरी रहेको श्रेष्ठको तर्क छ। 'आयोगले पनि आफ्नो अडान राख्न सक्नुपर्थ्यो तर त्यसो भएन,' उनले भने।

यसरी आयोगले निर्वाचनको मिति तोक्ने परम्परा विग्रियो। २०६२/६२ को जनान्दोलनपछि २०६४ साल चैतमा र २०७० साल मंसिरमा संविधान सभा निर्वाचन भयो। यी दुवै निर्वाचनको मिति सरकारले नै तोक्यो। संविधान सभाको निर्वाचन आवधिक र नियमित निर्वाचन नभएर विशेष निर्वाचन भएकाले यसको मिति सरकारले तोक्नु स्वभाविक भएको उप्रेती बताउँछन्। २०४२ सालदेखि ४९ सालसम्म निर्वाचन आयोग हाँकेका श्रेष्ठले सरकारले मिति तोक्दा आवधिक निर्वाचन कसरी प्रभावित हुन्छ भन्ने उदाहरण नै पेश गरेा उनले भने, '१९/१९ वर्षसम्म स्थानीय निकायको निर्वाचन भएको छैन। सरकारले मिति तोक्दा र निर्वाचन गराउँला भन्दा के हुँदैरैछ भन्ने देखिएन त?'

सरकारको भर पर्दा कसरी निर्वाचनको मिति प्रभावित हुन्छ भन्ने दृष्टान्त दुवै संविधान सभाको निर्वाचनले पनि प्रष्टसँकेको छ। २०६४ र २०७० सालका दुवै संविधान सभा निर्वाचन सरकारले तोकेको पहिलो मितिमा हुन नसकेर स्थगित भई दोस्रो पटक तोकेको मितिमा भएका थिए। यसरी निर्वाचन स्थगित हुनुमा दलहरूले आफ्नो अनुकूलता खोज्ने प्रवृत्ति मुख्य कारण रहेको पूर्व प्रमुख निर्वाचन आयुक्तद्वयको विश्लेषण छ। संविधान सभाको निर्वाचन आवधिक नभए विशेष परिस्थितिमा भएको निर्वाचन भएकाले यी कुरालाई स्वभाविक रुपमा लिए पनि आवधिक निर्वाचन यसरी प्रभावित हुनु नहुनेमा दुवै पूर्व प्रमुख आयुक्तको जोड छ। 'मिति आयोगले तोक्नु पर्छ भन्दैमा आयोगले एकलौटी काम गर्ने होइन,' श्रेष्ठले भने, 'सरकारसँग सल्लाह र समझदारीमा तोक्ने हो' २०४८ सालमा निर्वाचन गराउँदा सरकारको सहमतिमा आयोगले मिति तोकेको उनले बताए। अहिले संविधान कार्यान्वयनको चरणमा रहेकाले आयोगले सरकारसँग अझ धेरै समन्वय गरेर मिति तोक्नु पर्ने आवश्यकता उनले औल्याए। निर्वाचन गराउनु संविधान कार्यान्वयनको एउटा पाटो पनि हो। चैतमा स्थानीय तह निर्वाचन गराउने सरकारी प्रतिवद्धता पनि संविधान कार्यान्वयनकै एउटा पाटो हो। यो सन्दर्भलाई पनि ध्यान दिएर सरकार र आयोगवीच सहमतिमा मिति तय हुनु पर्ने श्रेष्ठले सुझाए।

निर्वाचन गराउने खर्च, कर्मचारी लगायतका सबै पूर्वाधारको व्यवस्थापन सरकारले गर्नुपर्ने भएकाले पनि सरकारसँग नजिकवाट सल्लाह गरेर मात्रै आयोगले मिति तोक्न सक्छ। तर, मिति नै सरकारले तोकेको हो भने आयोगले गर्नुपर्ने तयारी प्रभावित हुने उनको भनाई छ।

निर्वाचन आउनु भन्दा लामो समयअघि देखि नै आयोगले कार्यतालिका बनाएर विभिन्न चरणको तयारी गर्नुपर्छ। निर्वाचन आयोगले निर्वाचनको मितिलाई लक्षित गरेर पहिलेदेखि नै तयारी गरिरहेको हुन्छ तर सरकारले मिति तोक्दा आयोगले सरकारको मुख ताकेर बस्ने परिस्थिति आउने उनले बताए। 'निर्वाचन सम्बन्धि सम्पूर्ण काम गर्ने भन्ने तर कहिले चुनाव हुन्छ भन्ने पनि थाहा नहुने हो भने आयोगले कसरी तयारी गर्छ,' पूर्वप्रमुख आयुक्त उप्रेतीले भने। यो निर्वाचनको मिति जसले तोक्छ, अब त्यही परम्परा बस्ने भएकाले आयोगले स्पष्ट अड्डान राख्नु पर्ने पूर्व प्रमुख आयुक्तद्वयको सुझाव छ।

देउसीभैलोबाट संकलित रकम बालमैत्री संघलाई

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

तिहारमा देउसी भैलो खेलेर संकलन गरिएको रकम प्रायले रमाइलो गर्नमा तथा अनुत्पादक क्षेत्रमा खर्च गर्ने परिपाटी छ । देउसी भैलो खेलेर संकलन भएको रकम कमैले मात्र सामाजिक र उपकारी काममा खर्च गर्छन् । यसैक्रममा देउसी भैलोबाट संकलित रकम पोखराको एक सहकारीले उपकारी तथा सामाजिक कामका लागि हस्तान्तरण गरेको छ ।

पोखरा रोयल सहकारी संस्थाका कर्मचारीहरुले देउसीभैलोबाट संकलन गरेको रकम सामाजिक सेवामा खर्चिएको हुन् । तिहारको अवसरमा संस्थाका सञ्चालक समिति, लेखा समिति, सल्लाहकार र उपसमितिका पदाधिकारीहरुलाई संस्थाको प्रधान कार्यालयमा आमन्त्रण गरी कर्मचारीहरुले देउसी भैलो खेलेका थिए ।

देउसी भैलो कार्यक्रमबाट संकलित ५९ हजार ९ सय १५ रुपैयाँ बालमैत्री संघ पोखरा,३ मा आश्रित बाल शिक्षा समूहका ४५ जना बालबालिकाको अध्ययनको लागि मंगलबार एक कार्यक्रमका बीच हस्तान्तरण गरियो । देउसी भैलोबाट संकलित रकम उदारणीय काममा खर्च गर्ने घोषणा गरेर सोही अनुसार हस्तान्तरण गरिएको संस्थाका प्रवन्धक मीलन ढकालले जानकारी दिए । सहयोगले बालमैत्री संघमा आश्रित बालबालिकाहरुको शिक्षाका लागि खर्च गरिने संस्थाका अध्यक्ष राधेश्याम उदासले बताए । 'सामाजिक भावनाका साथ देउसी भैलो खेलेर संकलित रकम बालबालिकाको शिक्षाका लागि प्रदान गरेर सहकारीले उदाहरणीय काम गरेको छ,' उनले भने ।

कार्यक्रममा सहकारीका अध्यक्ष तुलसीप्रसाद गुरुङ, उपाध्यक्ष रुद्रकुमारी गुरुङ, प्रवन्ध निर्देशक भीम गुरुङ, कोषाध्यक्ष चन्द्रप्रसाद गुरुङ, सञ्चालक, ध्रुवमोहन भट्टराई, गीरवहादुर श्रेष्ठ, कृष्ण ढकाल, प्रवन्धक मीलन ढकाल लगायले संयुक्त रुपमा रकम हस्तान्तरण गरेका हुन् ।

रोयल सहकारीमा कार्यरत कर्मचारीहरुको विभिन्न अवसरमा अत्यन्त पारिवारिक वातावरणका साथ विभिन्न कार्यक्रम गर्दै आइरहेका छन् । हरेक तीजमा महिला कर्मचारीलाई पुरुष कर्मचारीले दर खुवाउने र हरेक तिहारमा पुरुष कर्मचारीलाई महिला कर्मचारीले सेल खुवाउने परिपाटीले धेरै वर्ष अगाडिदेखि निरन्तरता पाउदै आइरहेको छ । यसपटकको तिहारको कार्यक्रममा सेल सहित पहिलो पटक आफ्ना अभिभावकसँग देउसी मागी परोपकारी कार्यको थालनी गरिएको ढकालले जानकारी दिए । चालु आर्थिक वर्षको पहिलो त्रैमासिकसम्ममा सहकारीको शेयर पुँजी १५ करोड रुपैयाँ भन्दा बढी छ । ८८ करोड रुपैयाँ भन्दा बढी निक्षेप संकलन गरी ९८ करोड रुपैयाँ भन्दा बढी कर्जा लगानी गर्न सहकारी सफल भएको प्रवन्ध निर्देशक भीम गुरुङले जानकारी दिए । १ करोड रुपैयाँ भन्दा बढी नाफा र १ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी कारोवार गर्न सहकारी सफल भएको उनले बताए । सहकारीमा ८ करोड रुपैयाँ भन्दा बढीका विभिन्न कोषहरु छन् । आर्थिक सुशासन कायम राख्न सफल पोखरा रोयल सहकारी देशकै नमुना सहकारीका रुपमा दर्ज भएको छ ।

लायन्सको संयुक्त पिस पोस्टर प्रतियोगिता

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारी तथा लायन्स क्लब अफ पोखरा गोल्डेन सोसाइटीको संयुक्त पिस पोस्टर प्रतियोगिता एक कार्यक्रम बीच सम्पन्न भएको छ। विभिन्न १२ विद्यालयका २४ जना विद्यार्थीहरुको सहभागीमा आयोजित प्रतियोगिता पोखराको रत्नज्योती उच्च मावि रत्नचोकमा सम्पन्न भएको थियो।

प्रतियोगितामा लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारीको तर्फबाट पोखरा क्याम्ब्रिज इडलिस स्कूलकी शोभा श्रेष्ठ प्रथम, डिजिल्याण्ड एकेडेमीका सविन गुरुङ द्वितीय, सिद्धार्थ लवडेल बोर्डिङ स्कुलका कल्याण गुरुङ तृतीय हुन सफल भएका थिए भने लायन्स क्लब अफ पोखरा गोल्डेन सोसाइटीको तर्फबाट रत्नज्योति उच्च माविकी पूजा पाण्डे प्रथम, पोखरा क्याम्ब्रिज इडलिस स्कुलकी दीपा आचार्य द्वितीय, डिजिल्याण्ड एकेडेमीका सरोज आचार्य तृतीय हुन सफल भएका थिए । विजेता लाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्दै कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ वि १ का ब्लड डोनेशन कमिटी चियर पर्सन किशोर बरालले प्रतियोगितामा भाग लिनु भनेको ठुलो कुरा भएकाले शान्ति स्थापनामा बुझेको शिप र ज्ञान सधै राम्रो ठाउँमा प्रयोग गर्न सुझाव दिए ।

लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारीका अध्यक्ष शालिराम देवकोटाको अध्यक्षतामा सम्पन्न प्रतियोगितामा निर्णायक तथा वरिष्ठ कलाकार गोपाल श्रेष्ठ, डिष्ट्रिक्टका पिस पोष्टर संयोजक सूर्यनाथ कोइराला, रत्नज्योति उच्च विका प्राचार्य तथा कार्यक्रम संयोजक लायन हेमन्त अधिकारी, रिजन चियर पर्सन चुडामणि बराल, गोल्डेन सोसाइटीका अध्यक्ष सीतादेवी बराल, लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारीका सचिव लक्ष्मीनारायण देवकोटा, लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारीका भूपू अध्यक्ष गोपीनाथ बराल लगायतले प्रतियोगिताले बालबालिकाको प्रतिभा बढाउन सहयोग गर्नुको साथै विश्व शान्ति अभियानमा टेवा पुग्ने बताए ।

प्रमिशद्वारा आफैले पढेको विद्यालयमा सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

लेखनाथ-२ रिठेपानी निवासी प्रमिश गुरुङले आफू पढेको विद्यालय लिटल फ्लावर एजुकेशनल एकेडेमीलाई सोमवार एक कार्यक्रमका बिच खेलकुदका सामग्री सहयोग गरेका छन्। २५ वर्षीय गुरुङले विदेशमा परिश्रम गरेर कमाएको पैसाबाट बचत गरी आफूले अध्ययन गरेको विद्यालयको खेलकुद क्षेत्रमा सहयोग पुग्ने उद्देश्यले फुटबल र खेलाडीहरुका लागि पोशाक सहयोग गरेका हुन्। विद्यालयमा आयोजित सहयोग हस्तान्तरण कार्यक्रममा सामग्रीहरु विद्यालयका निर्देशक कमल खड्कालाई हस्तान्तरण गर्दै उनले फजुल खर्च गर्नु भन्दा समाजिक क्षेत्रमा सहयोग गर्नु महत्वपूर्ण ठानेर सहयोग गरेको बताए। विद्यालयका संचालक देवी खड्काको अध्यक्षतामा भएको कार्यक्रममा प्रमिशका हजुरबुवा जस बहादुर गुरुङले नातीले गरेको सहयोगले अन्य युवा पुस्तालाई समेत प्रेरणा मिल्ने कामना गरेका थिए। विद्यालयको तर्फबाट धन्यवाद तथा आभार व्यक्त गर्दै शिक्षक श्याम खनालले आफूहरुले सिकाएको ज्ञानको सहि सदुपयोग भएको बताए। कार्यक्रमको संचालन शिक्षक विष्णुहरि पौडेलले गरेका थिए।

पोखरामा पहिलोपटक पायल्स दिवस मनाइने

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

विश्व पायल्स दिवस पोखरामा पहिलो पटक मनाउने तयारी भैरहेको छ । यहि मंसिर ४ गते मनाईन लागिएको यो दिवसमा निःशुल्क परामर्श सेवा तथा परीक्षण कार्यक्रम संचालन गर्न लागिएको जानकारी आयोजकहरुले दिएका छन् । प्रायःजसो खानपान र आहार विहारको कारण उत्पन्न हुने गुदद्वारमा हुने रोगबारे जनचेतना जगाउने उद्देश्यले उक्त कार्यक्रम हुन लागेको हो ।

उक्त दिनको पायल्स सम्बन्धि रोगको परीक्षण एवं परामर्श शिविर न्यूरोड आदर्शचोकमा रहेको स्पर्श आयुर्वेद अस्पतालको प्राविधिक अगुवाईमा सम्पन्न हुने भएको छ । अधिक मासुको परिकार सेवन तथा गरिष्ट भोजन गर्नेलाई दुःख दिने यस प्रकारको रोगको शुरुवाती कारणमा पर्दछ ।

पायल्स एवं फिष्टुलाको नामले परिचित यो रोगमा गुदद्वार चिलाउने, दिशा गर्दा रगत आउने, गुदद्वारमा मासु पलाउने, गिर्खा भएको महशुस हुने र निको नहुने घाउ बन्दै क्यान्सर समेत हुन सक्ने गरेको छ । पायल्स दिवसकै अवसर पारेर उक्त अस्पतालको प्राविधिक सहयोगमा मंसिर ५ गते सम्म पोखरा स्थित विभिन्न कार्यालयमा कार्यरत राष्ट्रसेवक उर्व सर्वसाधारण लाई समेत निशुल्क सेवा संचालन गरिने भएको जानकारी स्पर्श आयुर्वेद अस्पतालकी डा.सुशिला पुर्जाले दिएकी छन्।

सम्भव भएसम्म जथाभावी खानपानमा नियन्त्रण गर्ने, त्यति नभए औषधिबाट यो रोगको रोकथाम गर्ने र त्यतिले पनि निको नहुने देखिएमा आयुर्वेदको क्षारसूत्र विधि अनुसार उपचार गरिने पुचलन अहिले व्याप्त हुदै गएको छ ।

खाद्य विकारले उब्जाउने ग्याष्ट्रिक रोग र त्यसपछि पायल्सले चाप्ने गरेकोले जनचेतना जगाउने पहल उक्त अस्पतालले गर्न लागेको बताएको छ । अस्पतालका चिकित्सक तथा क्षारसूत्रका डाक्टर सुवर्ण पौडेलका अनुसार धेरै जसो आधुनिकताको नाममा सहरी जीवन यापन गर्नेहरुलाई गजेट्रो गरेको यस प्रकारको रोगलाई वेलैमा रोकथाम वा उपचार नगरेमा जटिल समस्या आएर अपरेशन गर्नु पर्ने हुन्छ । शरीरको प्रकृति हेरेर उपचार गर्ने पुगली नभएको कारण आधुनिक चिकित्सा पद्धतिमा एक पटक अपरेशन गरेता पनि यस्तो समस्या बारम्बार उल्झने गरेको डा.पौडेल बताउछन् ।

आधुनिक चिकित्सा पद्धति अनुसार आफ्नो पाँचौ पटक पायल्सको अपरेशन गर्नु परेको बताउने पोखरा छोरेपाटन बस्ने मीन बहादुर गुरुङ भन्छन्-'क्षारसूत्र विधिबाट एक पटक मात्र उपचार गराए पछि यो समस्या समाधान भएको छ।' रोग लागि सकेकाले माछा मासु, अमिलो पिरोका अतिरिक्त अदुवा मरिच लगायतका गरम हुने वस्तुहरु र मसलाजन्य खाद्य नखाएमा रोग स्वतः कम हुन जाने बताईको छ । डा.सुशिला पुर्जा भन्छिन्-'आयुर्वेदमा आहारलाई पनि औषधिकै रुपमा ग्रहण गर्न सिकाईन्छ,तर मानिसले खाना खाने नियमलाई उल्लंघन गर्ने भएकाले स्वास्थ्यमा विभिन्न समस्या आउने गरेको हो ।'

पोखरा वृद्धाश्रममा सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

हिन्दू संस्कार अनुसार जन्मदेखि एक हजार चन्द्रमा देखिएपछि गरिने चौरासी पूजा कार्यक्रममा पोखरी एक परिवारले सोमवार पोखरा वृद्धाश्रमलाई ५० हजार रुपैयाँ सहयोग गरेको छ । पोखरा उपमहानगरपालिका-१० रामघाट मार्ग निवासी तोयबहादुर चन्द ठकुरी र नीरकुमारीको परिवारले आफ्नो चौरासी पूजाका अवसरमा पोखरा वृद्धाश्रम विकासका लागि सो रकम प्रदान गरेका हुन् । ठकुरी निवासमा आयोजित पूजा कार्यक्रमका अवसरमा वृद्धाश्रमका उपाध्यक्ष टीकाबहादुर भण्डारीलाई ठकुरीले सहयोग रकम हस्तान्तरण गरेका हुन् ।

सो रकम लिँदै उपाध्यक्ष भण्डारीले प्राप्त सहयोगलाई वृद्धाश्रमको विकासका लागि उपयोग गरिने बताउँदै यस्तै प्रकारका सहयोगबाट वृद्धाश्रम सञ्चालनमा सहयोग पुगेको उल्लेख गरे । पोखरा-१७ सीतापाइलास्थित सो वृद्धाश्रममा १३ जिल्लाका वृद्धवृद्धा र सेवकसेविका गरी ६४ जना आश्रित छन् ।

कन्साइ पेन्टस्को डिलर पोखरामा

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

कन्साई पेन्टस नेपाल प्रालि पोखरामा सुविधासम्पन्न अत्याधुनिक डिलर सञ्चालनमा ल्याएको छ । डिलरको कन्साई पेन्टसका निर्देशक, सार्क चेम्बर अफ कमर्सका सदस्य तथा विरगंज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष अशोक वैद्यले उद्घाटन गरे । काठमाडौ र विरगंजमा डिलर सञ्चालन गरिसकेको प्रालिले पोखरा रत्नचोक नजिकै सोमवारदेखि डिलर सञ्चालनमा ल्याएको हो ।

पोखरामा सिजी अपूर्वालि डिलरको जिम्मा लिएको छ । कन्साई पेन्टस नेपाल कन्साई नेरोल्याक पन्टस लिमिटेडको शाखा कम्पनी हो । यसको स्वामित्व कन्साई पेन्टस कम्पनी जापानसँग रहेको कन्साई पेन्टस नेपालका कन्ट्री हेड मनोज मिश्रले जानकारी दिए ।

सहिद स्मृति स्कूलमा लामिछाने

पोखरा ३० कार्तिक ।

सहिद स्मारक आधाभूत विद्यालय लेखनाथ-१२ को मंगलबार भएको अभिभाकहरुको भेलाले अगामी कार्यकालका लागि विश्वराज लामिछानेको अध्यक्षतामा विद्यालय व्यवस्थापन समिति गठन गरेको छ। सर्वसम्वत रुपमा चयन भएको समितीको सदस्यमा विष्णुमाया पन्थी, रुकविणी आचार्य, विमला परियार, कुमार गुरुङ, मनदेवी विक र सदस्य सचिवमा विद्यालयका प्रधानाध्यापक सुशिला रेग्मी रहेकी छन्। भेलाले शंकर प्साद पौडेलको अध्यक्षतामा शिक्षक-अभिभावक संघ समेत गठन गरेको छ। संघको सदस्यमा दिपकराम ढेवाजु,ध्रुसरादेवी पौडेल, तिलकुमारी परियार र चमेली तामाङ रहेकी छन्।

पूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुराम भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय निरीक्षक भोजराज न्यौपाने, भण्डारिडक स्रोत केन्द्रका स्रोत व्यक्ति विष्णु तिवारी र शिक्षक कृष्णप्रसाद पौडेल लगायतले गुणस्तरीय शिक्षाका लागि अभिभावकको चासो अपरिहार्य भएको बताएका थिए ।

विद्यालय एकीकृत

तनहुँ ३० कार्तिक ।

जिल्ला शिक्षा कार्यालयले बन्द गरिएका १९ सामुदायिक विद्यालयलाई एकीकृत गरेको छ। विद्यार्थी सङ्ख्या १० भन्दा कमी भएका विद्यालयलाई नजिकको क्षेत्रमा पर्ने विद्यार्थी हिँडेर २० मिनेटमा पुग्न सक्ने विद्यालयमा एकीकृत गरिएको कार्यालयले जनाएको छ । केही विद्यालयले विद्यालयको अभिलेखमा विद्यार्थी सङ्ख्या बढाएर राख्ने र अनुगमनमा गएका टोलीलाई आज विद्यार्थी कम आए भन्दै छलछाम गर्ने गरेको एक स्रोतबाट खुलेको भएको छ। "केही विद्यालयका शिक्षकले कागजमा विद्यार्थी सङ्ख्या बढाएर राख्छन् र विद्यार्थीको विद्यालयमा उपस्थिति न्यून हँदा, हुँदै पनि कार्यालयको आँखामा छारो हालेर जाँगिरमा टिक्दै आएका छन्" स्रोतले बतायो ।

सार्वजानिक सूचना

यस ले.न.पा वडा नं. १३, बस्ने इन्द्रलाल पौडेलकी छोरी कल्पना पौडेलको नाममा रहेको सावित्र रुपाकोटा १ को कित्ता नं. ५६३९ क्षेत्रफल ०-६-१-१ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको र पर्वतफंका सधियारा फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
५६३९	४१८२	५६४०	बाटो	५६४०

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

पोखरा उप-महानगरपालिका कार्यालयको अत्यन्त जरुरी सूचना !

पोउमनपा वडा नं. १७ कि.नं. १६७४७, १६७४५ को जग्गामा पूर्व बाटो, पश्चिम १६७०५, उत्तर १६३५ र दक्षिण मनिता भण्डारी यति चारकिल्ला भित्रको लक्ष्मण घर्ती क्षेत्रीको पत्नी एबिलियन मार्कोस एन्टोनियो घर्ति क्षेत्रीको हकभोग भित्रको घर जग्गामा अनामस्य डेलिकेसी नायक घरेलु बेकरी उद्योग संचालन गर्दा तपाईं साथ सदियारा, विद्यालय, अस्पताल तथा अन्य वातावारणीय प्रदुषण हुन्छ, हुँदैन ? कुनै बाधा भए यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयको निरीक्षण शाखा कोठा नं. १०१ मा लिखित उजुरी निवेदन दिनुहुन अनुरोध छ। अन्यथा निवेदकको माग बमोजिम कार्वाही अगाडि बढ्ने व्यहोरा समेत जानकारी गराइएको छ।

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर

Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तरवार्तालको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।

हाम्रा विशेषताहरु :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
आर्मोर ग्रुप सेक्युरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५३४२,९८०६७०८२४६

खुशीको खबर !

के तपाईलाई लागोभागो भई ठेभेभ गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ। साथै ढाड दुखेको, बाथ, शुक्री, आँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५५५५

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :- तयारी कक्षा छिनाछिन चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला सगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनद्रका लागि सम्पर्क पर्ने पसल
योर्स ट्रेड कर्नर्न
एशियन पेन्टस, रोयल इस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ् गरिन्छ ।
फोन : ०६१-४३०१९४, मो. ९८५६०३०८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
योन समस्या: सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धसां हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चार्यो पोतो, डण्डिफोर, दाग धब्बा, मस्यिना, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउनो साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८७७, ०६-१२२५४५८, मो. ९८४६९३७४१८
फि होम सेभिसमरि

पोखरामा पहिलो पटक
यौनदुर्बल : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्वल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको घिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन नयं अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी छुटाउन।
गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्ती सुधा पेनलिम।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फि होम सेभिसमरि

फुटवलमा नेपाललाई एतिहासिक उपलब्धि

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

नेपाली राष्ट्रिय फुटबल टिमले फाइनलमा मंगलबार मकाउलाई १-० ले हराएर मलेसियाको कुचिडमा भएको एएफसी सोलडारिटी कपको उपाधि जितेको छ । यो संगै नेपाली राष्ट्रिय फुटबल टोलीका सम्झाल्न पुगेका मुख्य प्रशिक्षक जापानी ग्यातुको कोजीले ९ महिनामै महादेशीय फुटबलको उपाधि दिलाएका छन् । कोजीकै मुख्य प्रशिक्षणमा नेपालले पहिलो पटक एसियाली फुटबल महासंघले आयोजना गरेको औपचारिक प्रतियोगिताको उपाधि चुम्यो । नेपालले एसियालीस्तरको कुनैपनि प्रतियोगिता जितेको यो पहिलो पटक हो । विश्वकप २०१८ एसियन कप २०१९ को छनोटबाट बाहिरिएका देशहरुका लागि एएफसीले आयोजना गरेको सोलिडारिटी कप नेपाली फुटबल टोलीले ११ महिनायता लगातार जितेको तेस्रो उपाधि हो ।

विश्वकप २०१८ र एसियन कप २०१९ को छनोटबाट बाहिरिएका देशहरुका लागि एसियाली फुटबल महासंघ (एएफसी) द्वारा आयोजित सोलिडारिटी कप नेपाली टिमले ११ महिनायता जितेको लगातार तेस्रो उपाधि हो । जनवरी, २०१६ मा राष्ट्रिय टिमले बंगबन्धु गोल्डकपको उपाधि जितेको थियो भने नेपालको यू-२३ ले फेब्रुअरीमा गुवाहाटीमा भएको १२ औं दक्षिण एसियाली खेलकुदमा स्वर्णपदक हात पारेको थियो । सराबक स्टेडियममा सुजल श्रेष्ठले २९ औं मिनेटमा गोल गरे । पेनाल्टी क्षेत्रमा 'अनमार्क' रहेका मिहिनेत साथ भरत खवासले क्रस गरेको बललाई उनले हेडद्वारा पोष्टको दिशा दिएका थिए ।

खेलमा अधिकांश समय नेपालले बल नियन्त्रणमा राख्यो । सनरन्तर आक्रमण पनि गऱ्यो । तर, थप गोल भने गर्न सकेन । भरत खवासले १४ औं मिनेटमा सेकेन्ड वार च्याप्दै पहार गरेको बल नजिकबाट बाहिरिएको थियो । अन्जन विष्टले २८ औं मिनेटमा पेनाल्टी क्षेत्रबाहिरबाट सशक्त रुपमा प्रहार गरेको बललाई मकाउका गोलपिकरले बाहिर फाले । पहिलो हाफको इन्जुरी टाइममा नेपालले अग्रता दोब्बर पार्ने अवसर गुमाएको थियो । विक्रम लामाले 'सिक्स याई बक्स'बाट हेडद्वारा प्रहार गरेको बल पोष्टबमाथिबाट बाहिरिएको थियो ।

यसैबीच सरकारले एएफसी सोलिडारिटी कप च्याम्पियन नेपाली टोलीका सदस्यहरुलाई जनही ३ लाख रुपैयाँ दिने भएको छ ।

मंगलबार साँझ नै प्रधानमन्त्री प्रचण्डले युवा तथा खेलकुद मन्त्री दलजीत श्रीपाइलीलाई टेलिफोन गरेर खेलाडीहरुलाई नगद पुरस्कारको व्यवस्था गर्न भनेका छन् । स्वकीय सचिव मनहरि तिमल्सिनाका अनुसार प्रधानमन्त्री प्रचण्डले खेलाडीहरुलाई जनही ३ लाख दिन भनेका छन् । जवाफमा खेलकुद मन्त्री श्रीपाइलीले च्याम्पियन टोलीका सदस्यहरुलाई जनही ३ लाख पुरस्कार दिने व्यवस्था गरिने बताएका छन् ।

कृष्तिको कैलाश शिवढुङ्गा नमुना बन्ने

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

पोखरा-२४ कृष्तिमा रहेको ओम कैलास शिवढुङ्गा शिवशक्ति महापिठधाम आगामी ५ वर्ष भित्र नमुना पर्यटकीय स्थल बन्ने एक कार्यक्रममा बताईएको छ । राष्ट्रिय परोपकार महासंघ नेपालद्वारा संरक्षित महापीठधामको प्रचार-प्रसार एवं विकासका लागि हुन लागेको महायज्ञको अवसरमा आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिईएको थियो ।

पोखराबाट नजिक रहेरपनि धार्मिक एवं पर्यटन विकासमा पछाडि परेको भन्दै मंसिर ४ गते देखि १३ गते सम्म धन धान्यान्चवल महायज्ञको आयोजना गरिएको जानकारी दिइयो । ऐतिहासिक शिवढुङ्गाको प्रचार पसारमा कमजोर भएको भन्दै महायज्ञ मूल आयोजक समितिले पन्च वर्षिय योजनाका साथ सवैलाई साथ लिदै आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउने बताएका छन् ।

मूल आयोजक समितिका अध्यक्ष पूर्णबहादुर थापाको अध्यक्षता र ओम् कैलाश शिवढुङ्गा शिवशक्ति महापीठधामका

महासचिव विष्णुप्रसाद पौडेलको सञ्चालनमा भएको पत्रकार सम्मेलनमा काठमाडौं निवासी के.वी. समाट र पोखरा निवासी कमला घलेको आर्थिक सहयोगमा उक्त स्थानलाई अगाडि बढाउने योजना रहेको बताईएको थियो । करिब ३५ लाख खर्च भईसकेको धाम्मा १ करोड ५० लाखको गुरु योजना खर्च गरिने जानकारी दिईएको थियो । १०८ शिवलिङ्ग, १०८ शिला धारा र मुख्य मन्दिर निर्माण गरी क्षेत्रको विकासमा टेवा दिने लक्ष्य रहेको छ । भागवत भाष्कर कमलनयन गौतमको संगीतमय वाचन हुने महायज्ञमा भक्तजनको उल्लेख्य सहभागिता रहने आयोजकले दावी गरेको छ । आर्थिक संकलन मुख्य लक्ष्य नभएको महायज्ञबाट कैलाश शिवढुङ्गा शिवशक्ति माहापीठको प्रचारले हिन्दु धर्मावलम्बीलाई आफ्नो संस्कृतिको पूर्ण जानकारी हुने विश्वास लिईएको छ। धनधान्याञ्चल महायज्ञले कृष्ति क्षेत्रमा रहेका नागरिकबीच मेल र विकासको चेतना वृद्धि हुने मूल आयोजक समितिका महासचिव विष्णुप्रसाद पौडेलले सोमवार आयोजित पत्रकार सम्मेलनमा जनाए । पत्रकार सम्मेलनमा आर्थिक सहयोगदाता केवी सम्राटले आफूले गरेको सहयोगले भविष्यमा सो क्षेत्रको पूर्ण विकास र भाईचारको सम्बन्ध स्थापित हुने बताए ।

सानो परी,सानो बाबुको ट्यालेन्ट राउण्ड

पोखरा ३० कार्तिक ।(गोल्डेन)

सानो परि एण्ड सानो बाबु पोखरा २०१६ ट्यालेन्ट कन्टेस्टको सेल्फ ट्यालेन्ट राउण्ड शनिवार पोखरामा सम्पन्न भएको छ । जीत हाम्रो फाउन्डेशनको आयोजना तथा युनिक बेन पोखराको सहकार्यमा भैरहेको १२औं संस्करणको नानी बाबुहरुको ट्यालेन्ट शो प्रतियोगितामा पोखराका विभिन्न १९ विद्यालयका ४८ जना नानी बाबुहरुले नृत्य, गायन, चित्रकला, वस्तुत्वकला लगायतका विभिन्न प्रतिभा प्रस्फुटन गरेका थिए । नानी बाबुहरुले देखाएका प्रतिभाको निर्णायको रुपमा संगितकार, गीतकार तथा गायक सामसुङ तामाङ, नृत्य निर्देशक तथा कोरियोग्राफर नैना बाटाजु, र कुशल चित्रकार डि.बि. गुरुङ रहेका थिए ।

करिब तीन हप्ता देखि दिइदै आएको प्रतियोगिताको प्रशिक्षणमा बालिकाहरूको व्यक्तित्व, नेतृत्व तथा बौद्धिक क्षमतालाई उजागर गराउनको साथै बाल बालिकाहरूमा निहित प्रतिभालाई प्रोत्साहित गरी प्रस्फुटन गराउनको निमित्त कार्यक्रमलाई निरन्तरता दिदै आयोजना गरिएको आयोजक संस्थाका प्रबन्ध निर्देशक राजेश जोशीले जानकारी दिए। प्रतियोगिताको प्रशिक्षण अवधिभरमा बोल्ने कलाको विकाश, स्मार्ट वाक, क्ले मोडलिङ्ग, आर्ट एण्ड क्राफ्ट, पेन्टिङ्ग, फोटो सेशन, शौकिक अवलोकन भ्रमण, रमाइलो क्याम्प, सेल्फ ट्यालेन्ट राउण्ड हुँदै यहि मंसिर ४ गते, शनिबार अन्तिम प्रतिस्पर्धा पोखरा सभागृह हलमा विविध सांगीतिक कार्यक्रमको साथमा हुने कार्यक्रम संयोजक तथा कोरियोग्राफर सुरज थापामगरले बताए ।

प्रतियोगिताको सह कोरियोग्राफरको रुपमा समीना श्रेष्ठ, सौरभ थापा, इनिशा दुरामगर, महिमा मगराती, दिप्सान श्रेष्ठ, आरती जोशी आदि रहेका छन्। करिब ४ घण्टासम्म चलेको उक्त ट्यालेन्ट राउण्डमा कार्यक्रम संयोजक सुरज थापाले स्वागत मन्तव्य र कार्यक्रम संचालन इनिशा दुरामगरले गरेका थिए । प्रतियोगिताका विजेताहरुले नगद सहित क्राउन, मेडल र अन्य विभिन्न आर्कषक पुरस्काररु पनि पाउनेछन् ।

भागवण्डामा...

७५ सदस्यीय बनाउने तयारी भईरहेको छ । जसमा ४० प्रतिशत देउवा पक्षलाई, ३० प्रतिशत पौडेल पक्षलाई र ३० प्रतिशत मिटौला समूहलाई दिने मोटामोटी सहमति भईसकेको छ । अहिले यस विषयमा छलफल चलिरहेको छ । निर्वाचन पुरानै विधान अनुसार गर्ने विषयमा पनि मोटामोटी सहमति भईसकेको छ ।

यता पोखरा आएका देशभरका तरुण कार्यकर्ताहरु निर्वाचन नै अन्यौलमा परेपछि धमाधम आफ्नो घर तिर फर्कन थालेका छन् । केही तरुण कार्यकर्ताहरुले विधिसम्मत निर्वाचनको माग गर्दै सभागृह गेट अगाडि धर्नामा बस्ने तयारी थालेका छन् । 'देशको प्रजातान्त्रिक पार्टीको भातृ संगठनको निर्वाचन बिना नै नेतृत्व चयन हुने आशका बढेपछि हामी अनसनमा बस्ने तयारीमा छौं ' सभागृह गेटमा भेटिएका केही युवा तरुणहरुले भने । निर्वाचनको लागि तयार भएर बसेको निर्वाचन समितिले कुनै पनि काम नपाएको बुझिएको छ। निर्वाचनका लागि खटिएका निर्वाचन अधिकृतहरुले माउ नेतालै दिने इकुमेन्ट कुरेर बसेका छन् भने अहिलेसम्म निर्वाचनका कुनै पनि प्रक्रिया सुरु भएका छैनन् । निर्वाचन अधिकृत देवीलाल शर्माले नेताहरुबाट अहिलेसम्म निर्वाचनको लागि कुनै आदेश नआएको बताउँदै भने-'जे गर्ने आदेश आउँछ त्यही गरौला भनेर सभागृह भित्रै बसिरहेका छौं ।'

पोखरामा टेबलटेनिस खेलको प्रशिक्षण

पोखरा ३० कार्तिक ।(गोल्डेन)

कास्की जिल्लामा रहेका विद्यालयमा टेबलटेनिस खेल प्रशिक्षण दिई रहेका प्रशिक्षकहरु लाई दई दिने अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण कार्यक्रम मंगलबार सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यामबहादुर गुरुङले आफूले चाहेर पनि बजेट अभावको कारण टेबलटेनिस खेलको विकासमा सहकार्य गर्न नसकेको बताएका थिए । अखिल नेपाल टेबलटेनिस संघ नेपालको आयोजना तथा कास्की जिल्ला टेबलटेनिस संको व्यवस्थानमा भएको सो प्रशिक्षण कार्यक्रममा विभिन्न विद्यालयका १५ जना शिक्षकहरुको सहभागिता रहेको समितिका सदस्य निर्मल सोतीले बताए । प्रशिक्षार्थीहरुलाई प्रमुख अतिथि गुरुङले प्रमाणपत्र वितरण गरेका थिए। अन्तर्राष्ट्रिय टेबलटेनिस महासंघ, नेपाल ओलम्पीक कमिटी, राष्ट्रिय खेलकुद परिषदको सहयोगमा भएको कार्यक्रममा अन्तर्राष्ट्रिय टेबुलटेनिस बरिष्ठ प्रशिक्षक अरिफ खानले दुई दिन सम्म प्रशिक्षण दिएका थिए । प्रशिक्षक खानले टेबलटेनिस खेलको माध्यमबाट सुन्दर नगर पोखराको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने विश्वास गरेका थिए ।

पश्चिमाञ्चल खेलकुद विकास समितिका कार्यालय प्रमुख मोहन योगीले टेबलटेनिस खेललाई पश्चिमाञ्चल क्षेत्रमा रहेका विद्यालयमा अध्ययनरत विद्यार्थीहरु लाई उपयोगी हुने विश्वास व्यक्त गरेका थिए । समितिका अध्यक्ष उत्तम जोशीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन कार्यसमिति सदस्य गोपाल थापाले गरेका थिए ।

नेपाल बैंक लिमिटेड ८०औं वर्षमा

पोखरा ३० कार्तिक ।(गोल्डेन)

मुलुकको सबैभन्दा पुरानो बैंक नेपाल बैंक लिमिटेड ८०औं वर्षमा प्रवेश गरेको छ ।

देशमा संस्थागत बैंकिङ सेवाको थालनी गरेको उक्त बैंकको वर्तमान सेयर पूँजी संरचनामा सरकारको ६२ दशमलव २१ प्रतिशत तथा सर्वसाधारण एवम् कर्मचारीको ३७ दशमलव ७९ प्रतिशत छ । चुक्ता पूँजी शेयर रु पाँच अर्ब ४९ करोड रहेको उक्त बैंकको आज सम्मको पूँजीकोष अनुपात १२ दशमलव ९२ प्रतिशत पुगेको बैंकद्वारा जारी गरिएको विज्ञप्तिमा उल्लेख छ । बितेका तीन महिनामा सो बैंकले रु एक अर्ब ९६ करोड खुद मुनाफा कमाएको छ भने निक्षेप रु ८६ अर्ब २२ करोड रहेको छ ।

बाँस्तोला कम्प्लेक्समा सस्तो व्यापार मेला

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

पोखराको पृथ्वीचोकस्थित बास्तोला कम्प्लेक्समा दोस्रो सस्तो व्यापार मेला हुने भएको छ । मंसिर ९ गतेदेखि १५ गतेसम्म सस्तो व्यापार मेला हुने सञ्चालक एवं मेला संयोजक माधव बास्तोलाले जानकारी दिए ।

कम्प्लेक्स शुभारम्भ एवं दसैंको अवसर पारेर पहिलो सस्तो व्यपार मेला एवं लोक दोहरी धमाका असोज १८ गतेदेखि २२ गते सम्म भएको थियो । संस्कृतिको माध्यमबाट पोखराको समग्र विकासलाई ध्यान दिदै यस क्षेत्रमा रहेका विपन्न निम्न आय भएका र नव उद्यमशील उद्यमीहरुको आर्थिक वृद्धि तथा समृद्धिका लागि उत्कृष्ट बजार स्थापित गर्न कम्प्लेक्समा मेला आयोजना गरिएको बास्तोलाले बताए । उनका अनुसार विभिन्न जिल्लाहरुमा उत्पादित वस्तुको प्रवर्द्धनका साथै एकै थलोमा वस्तुको पहिचान र सेवालाई उपभोक्ता सम्म पुऱ्याउने, कम्प्लेक्स भित्रको व्यवसायको प्रवर्द्धन, साहित्य कला र संस्कृतिको प्रचारप्रसारका साथै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य मेलाको छ । साथै मेलामा स्थानीय तथा घरेलु सामग्रीहरुको प्रचार-प्रसार तथा प्रवर्द्धन र कृषि तथा उत्पादित वस्तुको बजारीकरणमा मेलाले सहयोग पुऱ्याउने उनले बताए ।

मेलाको आकर्षणमा मेलामा लोक दोहोरी धमाका, नवप्रतिभाको खोजी अभियान अन्तर्गत खुल्ला नृत्य प्रतियोगिता (प्रदेश तारा), विश्वका विभिन्न ठाउँमा पाइने सबै प्रकारका कुकुरको प्रदर्शनी, हिरादेखि जिरासम्म र नुनदेखि सुन सम्मका सम्पूर्ण सामान एकै थलोमा पाइने र कृषि प्रदर्शनी रहेको छ ।

३ करोड लागतमा निर्माण भएको कम्प्लेक्समा ३ सय २० सटर छन् । करिब १८ लाख खर्च लाग्ने अनुमान गरिएको मेलाको १ लाख दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ । मेला अवधिमा कम्प्लेक्स भित्रका पसलमा सामान खरिद गर्दा विशेष छुटको व्यवस्था गरिएको छ । बास्तोला कम्प्लेक्स माधव बास्तोला, बलराम बास्तोला, उमराज बास्तोला र बाबुराम आचार्यले संचालनमा ल्याएका हुन् । कम्प्लेक्समा वाइफाइ र सिसि क्यामेराको व्यवस्था, पर्याप्त पार्किङको सुविधा लगायतका विशेषता छ ।

ढिकुरपोखरी पोखरामा गाभ्न माग

पोखरा ३० कार्तिक ।(गोल्डेन)

कास्कीले स्थानीय तह पुनर्संरचनाको हुँदा ढिकुरपोखरी गाविसलाई गाउँ पालिकामा नभइ पोखरा उपमहानगर नगरपालिकामा गाभ्नु पर्ने गाविसवासीले माग गरेका छन् । गाविसमा भएको छलफल र बडा नागरिक मञ्च र राजनीतिक दलका नेताहरुले पोखरामा समावेस गर्न माग गर्दै सोमबार जिल्ला विकास समितिमा ग्यापनपत्र बुझाएको छ ।

नागरिक मञ्च ढिकुरपोखरीको आयोजनामा स्थानीय विकास अधिकारी बालराम ढकालले ग्यापनपत्र बुझाएको हो । उनीहरुले प्रस्तावित अन्नपूर्ण गाउँपालिकामा जान भन्दा आफूहरुलाई पोखरा उप-महानगरपालिकामा नै आउने सजिलो हुने ढिकुरपोखरीलाई पोखरा उप-महानगरपालिकामा समावेस गर्न गठित समितिका संयोजक भानुभक्त दाहालले बताए ।

जिल्ला विकास समिति कास्कीले पछिल्लो पटक बुझाएको खाकामा ढिकुरपोखरी गाविस अन्तर्पर्ण गाउँपालिकामा परेको छ । दाहालले सबै काम पोखरा हुने तर हामी गाउँ पालिका हुदा काम गर्न अप्ठ्यारो हुने बताए । उनले ढिकुरपोखरी पहिले नै नगर पालिकामा जानका लागि तयार भएको बताए ।

उनले काठमाडौं गएर राज्य पुनर्संरचना आयोज र प्रधानमन्त्रीलाई पनि भेटेर ग्यापनपत्र बुझाउने कार्यक्रम रहेको बताए ।

अनुशिलनले खुल्ला नृत्य प्रतियोगिता गर्ने

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० कार्तिक ।

अनुशिलन कला पाठशालाले देशव्यापीरुपमा खुल्ला नृत्य प्रतियोगिता गर्ने भएको छ । अनुशिलन परिवार यु.ए.इको मुख्य प्रायोजन र सांस्कृतिक संस्थान नेपालको सह प्रायोजनमा यही पौष २ गते प्रतियोगिता गर्न लागेको जानकारी दिएको छ। प्रतियोगिताका लागि आगामी सिर १७ गते पोखरामा अडिशन राउण्ड सञ्चालन गरिने आयोजकले जनाएको छ । प्रतियोगिताको विवाद रहित बनाउन ७ वटै प्रदेशमा नृत्य विज्ञहरुलाई निर्णायकको जिम्मा दिइने कार्यक्रम संयोजक गोरे गुरुङले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए। प्रतियोगिताका विजेताहरु प्रथम, द्वितीय, तृतीय र सान्त्वनाले क्रमशः १ लाख, ५० हजार, २५ हजार र तीन समूहले १०/१० हजार रुपैयाँ र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले बताएको छ ।

सोही अवसरमा संस्कृति, संगीत र नृत्य विधामा आफनो सम्पूर्ण जीवन व्यथित गर्ने पोखरेली सष्टाहरु पदमराज ढकाल, धन बहादुर गायक र बुद्धि गुरुङ (गौरी) लाई नगद ५१/ ५१ हजार रुपैयाँसहित सम्मान गरिने पनि पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । लोपोन्मुख नृत्यलाई अहिलेको नयाँ पिढीमा सिकाउनुका साथै विभिन्न खालका नृत्यहरु प्रस्तुत गरिने बताइएको छ। हाल सम्मा २६ टिम दर्ता भइसकेको आयोजकले बताएको छ ।

कर्मचारी चाहियो

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : वेटर संख्या : २ जना
पद : किचन हेल्पर संख्या : १ जना
पद : डिसवासर संख्या : १ जना

सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०५

पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि विशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरामा

धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रमका परामर्शदाता एवम् पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि डा. राजिव घिमिरे पोखरामा यही मिति मंसिर २ गते बिहीबार आउन लाग्नुभएकोमा स्वास्थ्य परिक्षण नरि सेवाको लाभ लिनुहोस्

हाम्रो सेवाहरु:
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा सटिरा आउने, दिसा गर्दा दुख्ने, पिप निस्कने, पोल्ने कब्जियत हुँदा दुखाई बढि हुने ।
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने दुख्ने एवम् दिशामा रगत देखिने ।
न्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, वाकवाकी हुने, पेट दुख्ने ।
अन्यरोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, बाथ, सुगर, पिनास, हाइड्रोएिल आदि ।
नोट : पाइल्स फिस्टुला, फिसर रोगको क्षारसुत्र विधीद्वारा बिना अपरेसन गरिन्छ ।

बिरामी जाँच्ने समय : बिहान ५ बजेदेखि ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८९८४, ९८४६०४१३१७, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

Study in Japan
Czech Republic
USA, Australia, Norway

❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in JAPAN .
❖SLC passed can apply . April Intake
❖Almost all intake czech Republic .
❖Free Education in Norway & Finland .
❖Help to make all kind of documentation for any Countries .

Now Running IELTS, JLPT Classess

ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष / प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा